# स्थानीय राजपत्र

## कञ्चन गाउँपालिकाद्वारा प्रकाशित

कञ्चन, खण्डः ६, भागः२ संख्याः ५, मितिः२०७९/११/२८ गते

**भाग-१**

**कञ्चन गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ को उपदफा (३) बमोजिम कञ्चन गाउँपालिका, गाउँसभाले बनाएको तल लेखिए बमोजिमको सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# कञ्चन गाउँपालिकामा महिला आमा समूह गठन तथा सञ्चालन कार्यविधि,२०७९

**प्रस्तावनाः**

समाजको आधा भन्दा पनि बढि जनसंख्या ओगटेको महिलाहरुलाई विकासको विभिन्न क्रियाकलापहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न नगराउदा सम्म आनिबानिहरु एवं समाजको आमुल परिवर्तन हुन सक्दैन। नेपाल राज्यभरि विभिन्न महिला तथा आमा समुहहरु भएता पनि महिला आमा समुहले खेलेको भुमिकाले समाज उन्नती क्षेत्रमा उल्लेखनिय परिवर्तन गराइ सबैलाई आश्चर्य चकित नै बनाई दिएको छ। संघिय नेपालको संरचना अनुसार स्थानीय स्तरमा नै जनताको मौलिक हक अधिकार तथा अन्य क्रियाकलापहरु सञ्चालन गर्ने अधिकार नेपाल सरकारले स्थानीय सरकारलाई नै प्रतियोजन गरेको हुदा सबैले आ आफ्नो ठाउँबाट महिला आमा समूहलाई सहयोग गरेको खण्डमा समाजमा आमूल परिवर्तन हुने अवस्था छ।

## परिच्छेद-१
## समुह गठन सम्वन्धमा

**१.महिला आमा समूह गठन प्रक्रियाः** (१) महिला आमा समूह प्रत्येक वार्डमा गाउँ कार्यपालिकाले तोकेको संख्यामा रहने व्यवस्था गरिएको छ।

(२) एउटा समूहमा ३० देखि ५० घर धुरी वा सो भन्दा पनि बढि घर धुरीको सदस्यहरु रहने व्यवस्था छ ।

(३) प्रत्येक समुहमा समूहका सदस्यहरुबाट छानिएका अध्यक्ष १ कोषाध्यक्ष १ सचिव १ र अन्य समुहका सबै महिलाहरु सदस्यमा रहने गरि समूह निर्माण गर्नु पर्ने हुन्छ।

(४) समूहका सदस्यहरु स्थानीय र उमेर कम्तिमा २० वर्ष हुनु पर्ने छ।

## परिच्छेद-२

## बैठक सम्वन्धी व्यवस्था

२. **महिला आमा समूहको बैठकः** (१) महिला आमा समूहको बैठक कम्तिमा पनि महिनाको एक पटक अनिवार्य रुपमा बस्नु पर्ने हुन्छ।

(२) समूहको बैठक अध्यक्षको अध्यक्षतामा अध्यक्ष नभएमा सचिवको अध्यक्षतामा दुवै पदाधिकारी नभइमा कोषाध्यक्षको अध्यक्षतामा बसाल्न सकिनेछ।

(३) महिला आमा समूहको बैठकमा गरिने छलफलका विषयबस्तुहरु

(४) प्रत्येक बैठकमा समय सापेक्ष वातावरण एवं सरसफाइको बारेमा अनिवार्य रुपमा छलफल र निर्णय गर्नु पर्ने हुन्छ ।

(४) बैठकमा समाज सुधार र उत्थानको बारेमा गम्भीर रुपमा छलफल र समयले भ्याएसम्म निर्णय गर्दा उपयुक्त हुन्छ।

(५) समाजमा विद्दमान कुरुतीको कारण र सुधारको विषय छलफल हुनु पर्दछ।

(६) समूहको कोषमा जम्मा रहेको रकमको आम्दानी खर्च लगानी र बाँकी रहेको रकमको लेखाजोखा प्रत्येक सदस्यले जानकारी पाउने गरी प्रत्येक बैठकमा कोषध्यक्षले अध्यावधि गर्नुपर्छ।

(७) आफ्नै नीति तथा कार्यविधि निर्माण गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गराउने विषयमा छलफल गर्नुपर्छ।

## परिच्छेद-३

## समुहको कार्यकाल सम्वन्धमा

**३.महिला आमा समूहको पदाधिकारीहरुको कार्यकालः** (१) महिला आमा समूहको पदाधिकारीको कार्यकाल २ वर्षको हुनेछ। आवश्यकता अनुसार थप गर्न सकिनेछ।

(२) महिला आमा समूहको नीति नियम विपरित काम गर्ने वा समाजमा समूहलाई नै आलोचित हुने गरी क्रियाकलाप सञ्चालन गर्ने पदाधिकारीहरुलाई समूहको तत्कालिन बैठक बसालि बहुमत सदुय संख्याको निर्णयबाट गैर जिम्मेवारी काम गर्ने पदाधिकारिहरुलाई पदबाट हटाउन सकिनेछ।

## परिच्छेद-४

## विघटन सम्वन्धी व्यवस्था

**४.महिला आमा समूहको विघटन हुने प्रावधानः**(१) महिला आमा समूहको सदस्य संख्या र घर धुरी तोकिएको सिमा भन्दा कम भएमा।

(क) समूहको नियमित बैठक नबसेमा ।

(ख) समूहको बैठक बस्दा तोकिएका विषय सम्बन्धि छलफल नगरेमा

(ग) समूहले समाज परिवर्तनको लागि खेल्नु पर्ने भुमिका नखेलेको भन्ने विषय गाँउ कार्यपालिकाबाट प्रमाणित भएमा ।

(घ) समूह कोषको वार्षिक आम्दानी खर्च तथा लगानीको लेखाजोखा प्रतिवेदन पेश नगरेमा।

(ङ) समूहले वर्षभरी गरेका रचनात्मक क्रियाकलापहरुको प्रतिवेदन पेश गरेमा।

## परिच्छेद -५

## दर्ता सम्वन्धी व्यवस्था

**५.महिला आमा समूह दर्ता प्रकियाः**(१) महिला आमा समूह गठन सम्बन्धि उल्लेख गरेका सम्पूर्ण क्रियाकलाप पुरा गरेको हुनु पर्नै छ। निवेदनको ढाँचा अनुसूचि १ सँग  सम्वन्धित हुनेछ ।अन्य व्यवस्था अनुसूचि ३ बमोजिम हुनेछ ।

(२) महिला आमा समूहको बैठक बसी दर्ताको लागि गरेका निर्णयहरुको फोटोकपि र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र सहित फाइल गाउँपालिकामा पेश गरेमा फाइल माथि छलफल गरि सो आमा समूहलाई गाउँ कार्यपालिकाको कार्यालयले दर्ता गरि नम्बर दिनेछ।

## परिच्छेद-६

## नविकरण सम्वन्धी व्यवस्था

**६.महिला आमा समूह नविकरण प्रक्रियाः** (१) प्रत्येक महिला आमा समूह प्रत्येक वर्षको असार मसान्त भित्र नविकरण गराई सक्नु पर्ने हुन्छ। नविकरण सम्वन्धी व्यवस्था अनुसूचि २ बमोजिम हुनेछ ।

(२) समूहको नविकरण गर्दा नियमानुसार सेवा शुल्क लिइने छ।

(३) समूहको नविकरण गर्न आउदा बैठक बसेको निर्णयको फोटोकपि समूहले समाज उत्थान गर्ने गरेका क्रियाकलापहरुको विवरण र समूहको कोषको लेखाजोखा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

## परिच्छेद-७

## पुरस्कार सम्वन्धी व्यवस्था

**७.समूह पुरस्कृत हुने व्यवस्थाः**(१) यस कञ्चन गाउँपालिकाको विभिन्न वडाहरुमा दर्ता भई सञ्चालनमा रहेका महिला आमा समूहको वर्ष भरि गरेका क्रियाकलापहरुको लेखाजोखा गरी बढिमा ३(तिन )वटा समूहहरुलाई पुरस्कृत गर्न सक्नेछ। उक्त दिन पुरस्कृत गरिनेछ।

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

अनुसूचि १

परिच्छेद ६को दफा ६ (१) सँग सम्वन्धित

(आमा समुह दर्ताको लागि निवेदन)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
कञ्चन गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,
रुपन्देही ।

श्री --------- मिति ----------को प्रारम्भिक भेलाद्धारा हामीहरु संगठित भई श्री ...........नामक आमा समुह गठन गरिएको हुदाँ महिला आमा समुह गठन तथा सञ्चालन कार्यविधि,२०७० बमोजिम आमा समुह गठन गरी पाउँ भनि तपशिल बमोजिमको कार्यसमितिको विवरण र अन्य आवश्यक कागजातहरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपि सहित यो निवेदन पेश गरिएको छ ।

.................

अध्यक्षको दस्तखत

आमासमुहको छाप

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

# अनुसूचि २

परिच्छेद ६को  दफा ६ (१) सँग सम्वन्धित

**आमा समुह दर्ताको प्रमाण पत्र**

मिति

दर्ता नं.

श्री --------------------,

...................................।

सामुहिक पद्धतिलाई सुव्यवस्थित गर्दै कञ्चन गाउँपालिकाको सामाजिक,आर्थिक र भौतिक लगायत समग्र पक्षको विकासका लागि  कञ्चन गाउँपालिका  वडा नं. .......मा मिति ...................गते गठित ................................ .........समुहलाई कञ्चन गाउँपालिकाको आमा समुह गठन तथा सञ्चालन कार्यविधि,२०७९ को अधिनमा रहि यस कार्यालयको अभिलेखमा दर्ता गरि यो दर्ता  प्रमाण पत्र प्रदान गरिएको छ ।

..............................

प्रमुख प्रशासकिय अधिकृत

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

## आमा समुह दर्ता प्रमाणपत्रको पछाडी पानामा राख्ने

| क्र.स. | नविकरण मिति | नविकरण मान्य हुने मिति | कार्यालय प्रमुखको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

कञ्चन गाँउपालिका स्थानीय राजपत्र

# अनुसूचि ३

## परिच्छेद ५ दफा ५ (१)सँग सम्वन्धित

१. प्रस्तावना

२. विधानको नाम

३. विधान प्रारम्भ हुने मिति

४. समुहको पुरा नाम र छोटकरी नाम भए त्यस्ता नाम

५. समुहको उद्देश्य तथा संस्थाले सम्पादन गर्ने काम

६. समुहको कार्यक्षेत्र

७. समुहको किसिम ८. संस्थाको कार्यलय रहने ठेगाना

९. समुहको सदस्यको किसिम र सदस्यता वितरण गर्ने कार्यविधिगत व्यवस्था

१०. मानार्थ सदस्य दिन सकिने भए त्यसको व्यवस्था

११. सदस्यको विवरण किताब

१२. समुहको साधारण सभा वा विशेष साधारण सभा

१३. समुहको कार्यकारी समितिको गठन

१४.समुहको आर्थिक स्रोतको विवरण

१५. समुहको शाखा खोल्न सकिने भए सो को व्यवस्था

१६. कञ्चन गाउँपालिकाका विभिन्न वडाहरुमा शाखा खोल्न वा कार्य गर्न सक्ने भए त्यसका व्यवस्था

१७. समुहको लेखा लेखापरीक्षकका नियुक्ति र लेखापरीक्षण

१८. समुहको विधान संशोधन सम्बन्धी व्यवस्था

१९. समुहको कुनै कल्याणकारी परियोजना सञ्चालन वा कार्यान्वयन गर्ने भए त्यस्तो व्यवस्था

२०. विनियमावली बनाउने अधिकार

२१. समुह विघठन हुन सक्ने अवस्था

२२. अन्य आवश्यक विवरण( संस्थाको प्रकृति बमोजिम आवश्यक व्यवस्था थप गर्न सकिनेछ ।)

कञ्चन गाउँपालिका स्थानीय राजपत्र

**प्रमाणीकरण मितिः २०७९/११/१६**

**आज्ञाले,**

**सागर गौतम**

**प्रमुख प्रशासकीय अधिकृत**

**कञ्चन गाउँपालिका**

कञ्चन गाउँपालिका स्थानीय राजपत्र